नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक

पौष/माघ २०८१ (January 2025) वर्ष २८/अङ्क ३१३

## यावेशको प्रार्थना नयाँ वर्ष २०२५ को शुभकामना

– पाष्टर प्रेम श्रेष्ठ

नेइम मण्डली समूहका सबै गुरुजनहरू, अगुवाज्यूहरू सबै शाखा आवद्ध मण्डलीका घर घरानाहरू, देश विदेशमा रहनु भएका प्रत्येक नेइमका घर घरानाहरू इस्वीसंवत २०२५ को हार्दिक शुभकामना र परमधन्यका परमेश्वरको आशिर्वाद सबैमा रहोस् र वर्षभरि नै परमेश्वरको शालोम हजूरहरूमा रहोस् ।

धर्मशास्त्र बाइबल १ इतिहास ४:९, १०... को बारेमा यो वर्ष परमेश्वरले मलाई मार्ग निर्देशनको रुप देखाउनुभएको केही आशिषहरू राख्न पाउँदा आनन्द लागेको छ। परमेश्वरको वचनको यो खण्डमा आइपुगेपछि ठक्क २ वटा पदहरूमा यावेशको बारेमा लेखिएको छ । यो व्यक्तिको नाम हो र यावेशको नामको अर्थ वेदना अर्थात् दुःख भन्ने बुझिन्छ । यिनी यहूदा कुलका व्यक्ति थिए भन्ने बुझिन्छ तर उनका बुवा को थिए भन्ने कुरा अज्ञात छ तर उनले गरेका प्रार्थनाको बारेमा मेरो विचार म लेख्दैछु ।

विशेष पद १० अनुसार उनले एउटा ठूलो इलाका मागेका छन् अर्थात् आफूसँग भएको कुराले मात्र सन्तुष्ट नभएर ठूलो इलाका परमेश्वरसँग मागेका हुन् । वास्तबमा हामी हाम्रो सेवकाइ, व्यापार तथा सबै क्षेत्रमा वृद्धि चाहन्छौं होइन र ? उनी भन्छन् “मलाई आशिष दिएर” भनेको के हो ? उनी नयाँ इलाकामा प्रवेश गर्नुभन्दा पहिले नै स्वर्गका परमेश्वरसँग आशिष मागिरहेका छन् । त्यो भनेको स्वर्गीय आशिष, अलौकिक आशिष, कमाउन नसकिने आशिष, नमागेको आशिष हो । उनलाई थाहा थिए छ कि परमेश्वरको आशिष उपस्थिति नभई अर्काको इलाका प्रवेश गर्न सकिँदैन । हामीलाई पनि दिनानुदिनको सक्रिय जीवनमा इतिहास रच्दै अघि बढ्न परमेश्वरको स्वर्गीय आशिष चाहिन्छ । अब यहाँ यावेशको प्रार्थनामा स्वार्थ लुकेको देखिन्छ र परमेश्वरले उनको प्रार्थनालाई पक्का गरिदिनुभयो । तपाईंको हात ममाथि रहोस, जोखिमबाट जोगाउनुहोस्, कुनै चोटले नदुःखोस् इत्यादि ।

अब यहाँ ४ वटा कुराहरू यावेशको प्रार्थनामा देखिन्छ ।

**१. परमेश्वरमा पूर्ण भरोसा गर्नु:**

यो प्रार्थनाको निचोडमा यावेश एक परमेश्वरप्रति पूर्ण भरोसा राख्ने मानिस थिए भन्ने देखिन्छ । यदि हामी पनि हाम्रो प्रभुमा पूर्ण भरोसा राखेर केही कुरा माग्छौं भने हामीले पनि निश्चय प्राप्त गर्छौं ।

**२. डरलाई प्रभुमा अर्पण गरे:**

अर्काको क्षेत्रमा प्रवेश गर्दा जोखिम, खतरा, डर हुन्छ तर यदि त्यो डर परमेश्वरमा अर्पण गर्‍यौं र त्याग्यौं भने परमेश्वरले हाम्रो जीवनमा साहस दिनुहुन्छ र अन्धकारमाथि विजय प्राप्त गर्नेछौं र संसारले हामीलाई तर्साउन सक्दैन । डर त्यागौं ।

**३. परमेश्वरलाई पुकारे:**

यहाँ यावेशले मानिसको दृष्टिमा असम्भव कुरा मागे र परमेश्वरले सुन्नुभयो । निश्चय पनि त्यो इलाका यावेश र उनका सन्तानले प्राप्त गरे भन्ने मेरो विश्वास छ । हामीले गर्ने हरेक कार्यमा हामी संसारको शक्ति होइन तर परमेश्वरको शक्तिमा भर पर्नु पर्दछ र उहाँले हामीलाई जीवन र भक्तिको निम्ति चाहिने सबै कुरा दिनुहुन्छ ।

**४. परमेश्वर यावेशको प्रार्थना पर्खिरहनुभएको थियो:**

यावेशलाई थाहा थियो कि यह्वे परमेश्वर हाम्रो प्रार्थना पर्खिरहनुहुन्छ । उहाँ हामीलाई जबरजस्ती गर्नुहुन्न । अर्काको इलाका प्रवेश गर्दा धेरै जोखिमहरू छन् भन्ने थाहा थियो र जोखिम नउठाइकन उत्पत्ति २२:१७... को वचन कसरी हुन्छ त ? मत्ती ६:९, १३ प्रभुले हामीलाई एवं रीतले प्रार्थना गर्न सिकाउनुभयो र भन्नुभयो हामीलाई दुष्टबाट बचाउनुहोस् । यावेश भन्छन् “मलाई कुनै चोटले नदुखोस्” अर्काको इलाका जाँदा चोट लाग्छ नै र प्रार्थना गर्छौं भने जोखिम, चोट र पीडाबाट जोगाउनलाई परमेश्वरको हात चाहिन्छ ।

अब यो वर्ष २०२५ साल हाम्रो पारिवारिक योजना, आफ्नो पेशाको योजना, मण्डलीको योजना र व्यक्तिगत योजनाहरू के-के छन् ? यदि हामी पनि यावेशले जस्तै स्वर्गका परमेश्वरलाई प्रार्थना गर्छौं भने उहाँले हाम्रो प्रार्थना सुनेर निश्चय गर्नुहुन्छ र नयाँ-नयाँ क्षेत्रमा प्रवेश गर्छौं र १ कोरिन्थी २:९... आशिष प्राप्त गर्नुहुनेछ ।

Happy New Year 2025 and God bless you.

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| **पौष २७ गते** January 11 | श्री इभान सादा | डीकन राजु तामाङ्ग | श्री पिटर घिमिरे | श्री डिल्ली ब. तामाङ्ग | श्री सुचन तामाङ्ग | एल्डर सीता गुरूङ्ग | श्री सुकराम तामाङ्ग |
| **माघ ५ गते** January 18 | एल्डर अर्जुन ढकाल | एल्डर रत्नमान महर्जन | एल्डर दिनेश न्यौपाने | डीकन राम ब. तामाङ्ग | श्री विजय तामाङ्ग | पाष्टर घनश्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ |
| **माघ १२ गते** January 25 | पाष्टर सिमोन पाठक | डीकनेस् रश्मिला तामाङ्ग | डीकन युसुफ श्रेष्ठ | एल्डर सिद्धि खालिङ | एल्डर पूर्ण सुनुवार | एल्डर ग्रेस खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु |
| **माघ १९ गते** Febuary 1 | पाष्टर अशोक मुखिया | श्री सुचन तामाङ्ग | एल्डर हरि भण्डारी | डीकन भूपाल लामा | एल्डर मन ब. मगर | पाष्टर बि.बि. खवास | पाष्टर रूबेन श्रेष्ठ |

## नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैंसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा (शुक्रबार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **पौष २७ गते** January 11 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | श्री विकास श्रेष्ठ | एल्डर कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | एल्डर अमृत लामा | एल्डर गोपी राई | डीकन गोविन्द नगरकोटी |
| **माघ ५ गते** January 18 | एल्डर पेशल राई | एल्डर लाक्पा लामा | पाष्टर प्रेम श्रेष्ठ | डीकनेस् राममाया नगरकोटी | एल्डर कृष्ण तामाङ्ग | एल्डर दानियल सापकोटा | एल्डर राज गुरूङ्ग | श्रीमती देवकी लामा | एल्डर सागर थापा | एल्डर कृष्ण श्रेष्ठ |
| **माघ १२ गते** January 25 | एल्डर लाक्पा लामा | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | पाष्टर प्रेम श्रेष्ठ | श्री प्रेम गुरूङ्ग | एल्डर सागर थापा | डीकन उमेश मगर | एल्डर अमृत लामा | डीकन अशोक श्रेष्ठ | एल्डर अमृत लामा |
| **माघ १९ गते** February 1 | एल्डर पेशल राइ | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | एल्डर अमृत लामा | एल्डर गोपी राई | एल्डर राज गुरूङ्ग |

## हार्दिक बधाई



मंसिर २६ गते/डिसेम्बर ११ तारिख, बुधबार नेइम ज्ञानेश्वर चर्चका सदस्यहरू श्री अर्जुन तामाङ्ग र सुश्री प्रितिमा मुखियाको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि नै समयमै आउनुहुन अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि सेवा अगाडि नै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ता बीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । फलस्वरूप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदी बहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

### जनवरी महिनाको कार्य तालिका

माघ १ गते/जनवरी १४ तारिख मंगलबार **महिला उपवास प्रार्थना** आ-आफ्नो समय र मण्डलीमा ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| **पौष २७ गते** January 11 | एल्डर बाबुराम के.सी. | श्री जीवन खालिङ | डा. सुदान रूचाल | श्री कुमार सेन्चुरी | एल्डर पिटर लिम्बू | एल्डर छोदेन कार्थक | एल्डर जोरविर राई |
| **माघ ५ गते** January 18 | श्री युवराज गुरूङ्ग | डीकन अनिल चौधरी | डीकन कृष्ण नगरकोटी | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बेन्जामिन तामाङ्ग | डीकन अनिल आले | श्री चन्द्र मोक्तान |
| **माघ १२ गते** January 25 | एल्डर रूद्र राई | श्री विश्वास थापा | एल्डर आनन्द न्यौपाने | एल्डर पिटर लिम्बू | श्री प्रेम गुरूङ्ग | श्री कुमार सेन्चुरी | डीकन डि.बि राई |
| **माघ १९ गते** Febuary 1 | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | एल्डर भुवन देवकोटा | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | एल्डर छोदेन कार्थक | एल्डर जोरविर राई |

## जानकारी



लामाटार बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्रीमती राधा सिंह ठकुरी ६५ वर्षको उमेरमा पौष ८ गते/डिसेम्बर २३ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



थाङ्गसिङ्ग बस्नुहुने नेइम रानीपौवा संगतिको सदस्य श्री मान बहादुर बि.क. ८५ वर्षको उमेरमा पौष ९ गते/डिसेम्बर २४ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

पौष ६ गते/डिसेम्वर २१ तारिख २०२४ शनिबार नेइम जोरपाटी चर्च अन्तर्गत विभिन्न मण्डलीमा सहायता पुऱ्याउनुभएका डी. कृष्ण श्रेष्ठ र डी. अमृत लामालाई एल्डर अभिषेक गरियो । नेइम जोरपाटी चाँगु चर्चका श्री राजु लामा, नेइम जोरपाटी सापटार चर्चका श्रीमती गरिमा नगरकोटी र श्रीमती समिता श्रेष्ठ, नेइम जोरपाटी कपन चर्चका श्री वीर बहादुर राई र श्रीमती सुनिला गोतामे खत्री, नेइम जोरपाटी डाँछी चर्चका श्री तेज कुमार जिरेल, श्री मेहरमान श्रेष्ठ, श्री हिमलाल श्रेष्ठ र श्री गोविन्द कुमार नगरकोटीलाई डीकन तथा डीकनेस् छनौट गरियो ।



२०८१ २७ वैशाख/९ मे २०२४ नेइम जोरपाटी सुनखानी चर्च, सिन्धुपाल्चोकका श्री लाल बहादुर श्रेष्ठलाई डीकन छनौट गरियो ।

## विशेष प्रार्थना

१. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइ र शक्तिमा बोझसाथ लागि पर्न सकून् ।

२. अन्धकारका शक्तिका अधार्मिक कामहरू भ्रष्टाचार, लागु पदार्थ दुर्व्यशन, देह व्यापार, अपहरण, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूका विरुद्धमा प्रार्थना गरौं ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दु:ख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. मण्डलीका विश्वासीहरू प्रार्थना, वचन पढाइ, प्रशंसा, सुसमाचार प्रचारको काममा इमान्दारी हुन सकून् साथै प्रभुको दोस्रो आगमनको तयारीको लागि पनि तयार हुन सकून् ।

५. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दु:ख कष्ट, खेदो सतावट सहिरहनुभएका प्रभुको जनहरूका लागि प्रार्थना गरिदिऔं ।

७. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

८. प्रत्येक जवानहरूले परमेश्वरको बोलावटलाई थाहा गरी आज्ञाकारी भएर जिउनको लागि पवित्रआत्माको शक्ति मागिदिऔं ।

९. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

१०. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै साथै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

११. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २१ 5<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं ।<br>एफिसी ३:२० | २८ 12<br>नेपाली इसाई मण्डली तथा नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह ७८:७०-७२ | ६ 19<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१५ | १३ 26<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>फिलिप्पी २:१-५ |
| **सोमबार** Monday | २२ 6<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ | २९ 13<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रही परमेश्वरको वचनअनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>भजनसंग्रह ११९:१०५, १३३ | ७ 20<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं ।<br>रोमी १२:२ | १४ 27<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ |
| **मंगलबार** Tuesday | २३ 7<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैँ भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | १ माघ 14<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>यशैया ५४:७-९ | ८ 21<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएकाहरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | १५ 28<br>सबै जवानहरू प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ |
| **बुधबार** Wednesday | २४ 8<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | २ 15<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | ९ 22<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ | १६ 29<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| **बिहीबार** Thursday | २५ 9<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>प्रेरित १:८ | ३ 16<br>हामी सबै एकआपसमा सधैँ प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १२:९-२१ | १० 23<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैँ धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १७ 30<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ |
| **शुक्रबार** Friday | २६ 10<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | ४ 17<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | ११ 24<br>देशभरि रहेका मण्डलीहरूले चढाइएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | १८ 31<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ |
| **शनिबार** Saturday | २७ 11<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ५ 18<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ | १२ 25<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ | १९ February 1<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैँ प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>प्रेरित १०:१-२ |

**तर यसो लेखिएको छ, "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ ।" परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ । किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ ।**

**१ कोरिन्थी २:९-१०**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,